गुल्मीदरबार गाउँपालिका

Gulmidarbar Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

# Office of the Rural Municipal Executive

च.नं./Ref.No.:०८२/८३ गौंडाकोट, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

प.सं./Let.No.: Gaundakot, Gulmi Lumbini Province, Nepal

मितिः २०८२/११/२७

**विषयः आ.व. २०८३/०८४ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२/११/१४ च.नं. ८६ को पत्रानुसार "राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२" अनुसार नेपालको संविधानले मौलिक हकको रुपमा प्रत्याभूत गरेको रोजगारीको हक सम्बन्धी ऐन, २०७५ बमोजिम आ.व. २०८३/०८४ का लागि १८ वर्ष देखि ५९ वर्ष उमेर समूहका विपन्न व्यक्ति वा न्यून आय भएका साथै स्वरोजगारमा समेत संलग्न नभएका बेरोजगार व्यक्तिले न्यूनतम १०० दिनको रोजगारीमा संलग्न हुनका लागि २०८२ चैत्र मसान्तभित्र आफू स्थायी बसोवास गरेको वडा कार्यालयमा गई रोजगारीका लागि आवेदन फारम भर्नुहुन यो सूचना प्रकाशित गरिएको छ साथै निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय र गुल्मीदरबार गाउँपालिकाको वेवसाईटमा https://gulmidarbarmun.gov.np/ मा उपलब्ध रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

निवेदनका साथ आवश्यक पर्ने कागजातहरु :-

१. निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि - १ प्रति,

२. निवेदकको पासपोर्ट साइजको फोटो -१ प्रति,

३. निवेदकको सम्पूर्ण परिवारका सदस्यहरुको नागरिकताको प्रतिलिपि (निवेदकको परिवारका सदस्यहरुमध्ये नागरिकता नभएका सदस्यहरुको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि)

४. निवेदक सोहि वडाको स्थायी बासिन्दा हुनुपर्नेछ भने अन्यत्रबाट बसाईसराई गरेको हकमा बसाईसराई प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्नेछ।

५. निवेदकसँग तालिम वा अनुभव सम्बन्धी प्रमाणपत्र भएमा सो को प्रतिलिपि -१ प्रति,

६. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति भएमा पासपोर्ट नम्बर र सीपको विवरण उल्लेख गर्नुपर्नेछ।

(युवराज पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

"सबल, सक्षम उत्थानशील स्थानीय सरकारः समृद्ध र समुन्नत हाम्रो गुल्मीदरबार"

Web: www.gulmidarbarmun.gov.np E-mail: info@gulmidarbarmun.gov.np ito.gulmidarbarruralmun@gmail.com

Contact: 9857018234(अध्यक्ष), 9857067912 (प्र.प.अधिकृत)

# <u>बेरोजगार दर्ताका लागि दिने निवेदन</u>

(राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा १५ र १७ सँग सम्बन्धित)

श्री वडा कार्यालय, मितिः ..........................

वडा नं. ............. नगरपालिका/ गाउँपालिका................................................., ....................................... जिल्ला

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ले गरेको व्यवस्था बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहद्वारा सञ्चालित न्यूनतम रोजगार लगायत रोजगार प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रममा संलग्न हुन मैले देहाय बमोजिमको विवरणसहित यो निवेदन पेश गरेको छु।

१. **नाम, थरः**...............................................................................................

२. **लिङ्गः** (कुनै एकमा √ लगाउनुहोस ) क) पुरुष ख) महिला ग) अन्य

३. **पारिवारिक विवरणः**

(अ) **वर्ग / समूहः** (तपाईं आफूलाई कुन वर्ग / समूहमा राख्न रुचाउनु हुन्छ? कुनै एकमा √ लगाउनुहोस)

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क) आदिबासी जनजाती | ख) दलित | ग) मुसलमान | घ) ब्राह्मण | ङ) क्षेत्री | च) मधेशी | छ) अन्य ......... |

(आ) **अल्पसंख्यक समूदाय** (कुनै एकमा √ लगाउनुहोस्): हो होइन

(इ) **लोपोन्मुख जनजाती** (कुनै एकमा √ लगाउनुहोस्): हो होइन

(ई) **सीमान्तकृत वर्ग** (कुनै एकमा √ लगाउनुहोस्): हो होइन

(यदि (ई) मा उत्तर 'हो' भने, अतिसीमान्तकृत वर्गको हो?) हो होइन

(उ) **परिवारको संख्याः**

१. **महिलाः** ................. **पुरुषः** ................. **अन्यः** ................. **जम्माः** ..........................

२. १८ देखि ५९ वर्ष उमेर समूहको सदस्य संख्याः ..........................

(ऊ) **परिवारमा अपाङ्गता भएका सदस्य** (कुनै एकमा √ लगाउनुहोस्): छ छैन

(यदि उत्तर 'छ' भन्ने भएमा देहायको विवरण उल्लेख गर्नुहोस् । 'छैन' भने तथा आवेदक महिला भएमा 'ए' को उत्तर दिनुहोस् । यदि आवेदक पुरुष या अन्य भएमा प्रश्न नं. ४ को उत्तर दिनुहोस् )

१. नामः ............................................ उमेरः ............ अशक्तताको प्रकृतिः पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य

२. नामः ............................................ उमेरः ............ अशक्तताको प्रकृतिः पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य

(ए) निवेदक महिला भएमा, गर्भवती वा सुत्केरी भएको महिला हो? हो होइन हो भने देहायको प्रश्नको उत्तर दिनु होस्)

गर्भवतीः .................... महिना वा सुत्केरी भएमा :..................... महिना

४. स्थायी ठेगाना: प्रदेश: ........................... जिल्ला: ..........................न.पा. / गा.पा.: .......................... वडा नं.: .........

५. सम्पर्क विवरण: मोबाइल नं. .................................... इमेल: ................................. पासपोर्ट न. .........................

६. निवेदक गत आ. व. मा रोजगारीमा संलग्न रहेको भएमा दिन संख्या : ............................................ दिन

७. निवेदकले गत आ.व. मा कूल रोजगारी वा स्वरोजगारीबाट प्राप्त गरेको आम्दानी रकम: रु. ................................

८. निवेदक कृषि वा ज्याला मजदुरी गर्ने परिवारको सदस्य हो? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

(यदि उत्तर ‘हो’ भएमा देहायको प्रश्नको उत्तर दिनु होस्)

क) कृषि उत्पादन वा ज्याला मजदुरीले कति महिना खान पुग्दछ ? ............................... महिना

९. निवेदन भूमिहिन वा सुकुम्बासी हो ? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

१०. निवेदकको घरमूली एकल महिला हो? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

११. निवेदक शहिद परिवार या बेपत्ता परिवारको सदस्य हो? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

१२. परिवारको सदस्य र रोजगारीको अवस्था (निवेदक सहित):

| क. सं. | नाम | निवेदकसँगको नाता | नागरिकता / राष्ट्रिय परिचय पत्रको विवरण | | | जन्म मिति | शैक्षिक योग्यता (निरक्षर / साक्षर / आधारभूत / माध्यामिक / उच्च माध्यामिक / स्नातक या सो भन्दा बढि) | स्वदेश तथा विदेशमा रोजगार या स्वरोजगारमा संलग्न? | सामाजिक सुरक्षा कोष वा अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता या आम्दानी? |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नंबर | जारी मिति | जारी जिल्ला | | | छ / छैन | लिइरहेको / नरहेको |
| १ | | (निवेदक) | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

(निवेदनको बुँदा (३) (उ) अनुसारको सबै परिवारको संख्याको विवरण उल्लेख गर्नु पर्नेछ । फाराममा परिवारको संख्या अनुसार रो थपघट गर्न सकिनेछ।)

१३. परिवारको वार्षिक आय: रु. ...................................... (अक्षरेपी ..........................................................................................................................................)

१४. सीप विकास हुने केही तालिम लिनु भएको छ ? (कुनै एकमा √ लगाउनुहोस) [ छ ] [ छैन ]

(यदि उत्तर ‘छ’ भएमा देहायको प्रश्नको उत्तर दिनु होस्)

सीप र तालिमसग सम्बन्धित विवरण:

| सीपको विवरण | दक्ष / अर्धदक्ष / अदक्ष | न्यूनतम ३९० घण्टा तलिम लिए/नलिएको |
|---|---|---|
| | | |
| | | |

१५. अन्य कुनै रोजगारीमा संलग्न हुनु भएको थियो ? (कुनै एकमा √ लगाउनुहोस) [थियो] [थिएन]

(यदि उत्तर 'छ' भएमा देहायको प्रश्नको उत्तर दिनु होस्)

रोजगारीमा संलग्न सम्बन्धित विवरण:

| रोजगारीमा संलग्न विवरण | अवधि | कामसंग सम्बन्धित सीप/ तलिम |
|---|---|---|
| | ____ वर्ष ____ महिना | |
| | | |

१६. व्यवसाय/उद्यममा संलग्न हुनु भएको थियो ? (कुनै एकमा √ लगाउनुहोस) [थियो] [थिएन]

(यदि उत्तर 'छ' भएमा देहायको प्रश्नको उत्तर दिनु होस्)

व्यवसाय/उद्यममा संलग्न सम्बन्धित विवरण:

| व्यवसाय/उद्यममा संलग्न विवरण | अवधि |
|---|---|
| | ____ वर्ष ____ महिना |
| | |

१७. निवेदक वैदेशिक रोजगारीबाट फर्किएको व्यक्ति हो? (कुनै एकमा √ लगाउनुहोस) [हो] [होइन]

(यदि उत्तर 'छ' भएमा देहायको प्रश्नको उत्तर दिनु होस्)

| देश | वैदेशिक रोजगारीको क्षेत्र | अवधि | विदेशमा गरेको कामसंग सम्बन्धित सीप |
|---|---|---|---|
| | | ____ वर्ष ____ महिना | |

१८. कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक पुर्वाधार विकासको निर्माण तथा मर्मत कार्यमा संलग्न हुन ईच्छुक हुनु हुन्छ ? (कुनै एकमा √ लगाउनुहोस) [छ] [छैन]

१९. अन्य रोजगारी, स्वरोजगारी, उद्यमशीलतामा संलग्न हुन र सो को लागि तालिम लिन चाहनुहन्छ ? (कुनै एक छान्नुहोस)

| रोजगारी, स्वरोजगारी, उद्यमशीलता | क्षेत्र | तालिम |
|---|---|---|
| | | |

२०. बैंक खाताको विवरण (उपलब्ध भएमा) बैंकको नाम: ..............................................................

बैंकको ठेगाना: ........................................... खाता नंबर: ...............................................खाताको प्रकार: .................

२१. उपरोक्त बमोजिमको विवरणहरु साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला / बुझाउँला भनि सहिछाप गर्ने ।

निवेदकको नाम: .............................................. मिति: ................................................ हस्ताक्षर ....................................

| दायाँ | बाँया |
|---|---|
| | |

[कार्यालय प्रयोजनको लागि]

निवेदन दर्ता मिति: ....................................................

उपरोक्त विवरणहरु पूर्ण तथा सहि छन् भनि प्रमाणित गर्ने वडा अध्यक्ष

नाम: ..................................................... हस्ताक्षर ..........................................